नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

चौतारा, सिन्धुपाल्चोक

## बोलपत्र आव्हनको सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७३।०१।२९)

एल.जि.सि.डि.पि. कार्यक्रम मार्फत प्राप्त भएको बजेट अन्तर्गत जिल्ला विकास समितिको कार्यालय, चौतारा, सिन्धुपाल्चोकले योग्य बोलपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत तपसील बमोजिमको बोलपत्र आव्हान गर्दछ ।

| सि.नं. | ठेक्काको नाम | ठेक्का नम्बर | भ्याट बाहेक विड सेक्युरिटी रकम | अनुमानित लागत अनुमान (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | सोलार प्रणाली खरिद (प्याकेज १) | DDCSindhu/09/072-73 | ७२०००.०० | २५२८६२५.०० | रु. १०००।- |
| २. | कम्प्युटर र यु.पि.एस. खरिद (प्याकेज २) | DDCSindhu/10/072-73 | ७२०००.०० | २४११७२१.०० | रु. १०००।- |

१. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु जिल्ला विकास समितिको कार्यालय, चौतारा, सिन्धुपाल्चोकबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. ०७१।७२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, Power of Attorney र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी खरिद गरेको प्रमाणपत्रको सक्कल प्रति वा जिल्ला विकास समितिको नाममा नेपाल बैंक लिमिटेड चौतारामा रहेको आन्तरिक आय खाता ग-४-३-१ मा दाखिला गरेको भौचरको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. योग्य बोलपत्रदाताले माथि उल्लेख भएको प्याकेजहरु मध्ये कुनै एक वा दुवै प्याकेजहरु खरिद गर्न सक्नेछ । सूचनाका अन्य सर्तहरु दुवै प्याकेजहरुमा भिन्न भिन्न रुपमा लागू हुनेछ ।

३. योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात मिति २०७३।०२।२७ गतेसम्म कार्यालय समयभित्र नियमानुसार खरिद गर्नुपर्नेछ । सिलबन्दी गरिएको बोलपत्र यस कार्यालयमा मिति २०७३।०२।२८ गते दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएको बोलपत्र स्विकार गरिनेछैन ।

४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा २०७३।०२।२८ गते दिनको १:०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ माथि तोकिए बराबरको रकम बोलपत्र जमानत बापत पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात २०७३।०३।२६ गतेसम्म हुनुपर्नेछ ।

५. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिनेछ ।

६. बोलपत्रदाताले विड सेक्युरिटी वापतको रकम नगदै बुझाउन चाहेमा यस कार्यालयको नेपाल बैंक लिमिटेड, चौतारा शाखाको धरौटी खाता नम्बर ग-३-१ मा जम्मा गरेको भौचरको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्रदाताले बोलपत्र सम्बन्धी थप सूचना यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभसाइट www.ddcsindhupalchowk.gov.np बाट समेत हेर्न सक्नेछन् ।

९. सम्बन्धित क्षेत्रमा कम्तिमा तीनवर्षदेखि काम गरेको कार्यानुभवको प्रमाणपत्र

१०. न्यूनतम बार्षिक २५ लाखसम्म कारोवार गरेको प्रमाण खुल्ने अन्तिम तीन वर्षको लेखापरीक्षण प्रतिवेदन

११. ब्राण्डेड सामानहरु खरिद विक्री गर्ने Authorised Reseller को प्रमाणपत्र

स्थानीय विकास अधिकारी

जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक